# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ८ मिति : २०७९/०८/०७

भाग–२

## गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७९/०८/०७ मा जारी गरेको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको नियम नं. ८

## गेरुवा गाउँपालिकाको लैगिंक हिंसा तथा आपतकालिन एंव जोखिम अवस्थामा रहेका बालबालिकाहरुको सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धि निर्देशीका, २०७९

# गेरुवा गाउँपालिकाको

## लैङ्गिक हिंसा तथा आपतकालिन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहहरुको सम्बोधनका लागि सिफारिस प्रणाली सम्बन्धि निर्देशीका, २०७९

लैङ्गिक हिंसा पिडित/प्रभावित व्यक्ति तथा आपतकालिन एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुलाई छिटो छरितो र प्रभावकारी रुपले सुरक्षा/संरक्षण, चिकित्सा सेवा, मनोसामाजिक सेवा, र सहायता तथा कानुनी सेवा, सीपमुलक तालिम तथा आयआर्जनमा सहयोग, शिक्षामा सहयोग, दुर्व्यशनी पुनःर्स्थापनाका साथै पारिवारिक तथा सामाजिक पुनःर्मिलन, पुनःएकिकरणमा सहयोग पुऱ्याउनका लागि गेरुवा गाँउपालिका द्धारा यो सिफारिस प्रणाली सम्बन्धि निर्देशिका २०७८ तयार पारिएको छ । यो निर्देशिका गाँउ कार्यपालिकाको बैंठकले स्वीकृत गरे पश्चात लागु हुनेछ ।

लैङ्गिक समानता तथा बालसंरक्षण कायम गर्ने दिशामा हालसम्म हासिल गरेको उपलब्धिलाई निरन्तरता दिँदै लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई स्थानीय तहदेखि नै संस्थागत प्रयास गरिदै आएको छ ।सार्वजनिक क्षेत्र, निजी क्षेत्र सहकारी क्षेत्र, गैरसरकारी संस्था एवम् सामुदायिक संस्था सबैमा लैङ्गिक हिशा पिडित तथा प्रभावितहरु र संरक्षण विहिन बालबालिकाहरुका लागि संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री तथा बालमैत्री सेवा प्रदान गर्न आवस्यक रहेको छ । नेपालले महिलाअधिकारको संरक्षण र संम्वर्द्धनका लागि महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धि महासन्धि (CEDAW) र संयुक्त राष्ट संघको सुरक्षा परिषदको प्रस्ताव नं. १३२५ र १८२०(UNSCR1325,1820)आदि जस्ता विभिन्न अन्तरराष्ट्रिय दस्तावेजहरुमा प्रतिवद्धताहरु जनाई सकेको छ । नेपालको संविधानको धारा ३८ मा महिला अधिकारलाई मौलिकहकका रुपमा व्यवस्था गरिएको छ। स्थानीय सरकारलाई महिला अधिकारको प्रवर्द्धनकालागि नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ मा पनि विभिन्न जिम्मेवारीको व्यवस्था गरेको छ । त्यसै गरी घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ को दफा उपदफा १ का साथै दफा ११ र १७ मा भएका प्रावधान अनुसार र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ दफा १०२ को उपदफा १ र २ मा उल्लेखित व्यवस्था कार्यन्वयन गर्न तथा बाल संरक्षणका सवालमा अन्तराष्ट्रिय बालअधिकार महासन्धी, (CRC)१९८९लाई अनुमोदन गरेको छ ।नेपालको संविधानको धारा ३९ मा बालबालिकाका अधिकारलाई मौलिकहकका रुपमा व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेख भए बमोजिम स्थानीय तहको बालसंरक्षण सम्बन्धी भुमिका अन्तरगत सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन - दफा ११(२)(त)(५) स्थानीय बालसंरक्षणका सवालहरूको पहिचानः कुनै समिति वा सेवा प्रदायक संस्था मार्फत आवधिक रूपमा सम्बन्धित क्षत्रेमा के कस्ता बालसरंक्षणका सवालहरू विद्यमान छन् तथा त्यस्ता सवालको परिमाण तथा आयामको पहिचान, तथ्याङ्क संकलन तथा प्राथमिकीकरण गर्ने जिम्मेवारी तोकिए बमोजिम लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरु तथा आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिकालागि एउटा सेवा प्रदायकबाट अन्य सम्बन्धित सेवाप्रदायकमा पठाई समयमै उचित र प्रभावकारी सेवा प्रदान गर्न यो सिफारिस प्रणाली सम्बन्धि निर्देशिका तयार गरिएको छ ।

यस सिफारिस प्रणालीको उद्देश्य लैंङ्गिक हिंसाका सवालहरु र आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका सवालहरुको सम्वोधनका लागि सक्रिय रुपमाकार्य गर्ने स्थानीय स्तरमा कार्यरत सम्बन्धित निकायहरुलाई परिचालन गरी एकिकृत रुपमा हिंसा प्रभावितलाई सेवा पुऱ्याउने र पिडित तथा प्रभावितहरुको संरक्षणका लागि रणनीतिक रुपमा उच्चप्राथमिकताका साथ क्रियाशिल रहने हुनेछ । प्रभावितको सु-सुचित सहमतिमामात्र सेवा र सुविधा उपलब्ध गराईनेछ र व्यक्तिको सम्पुर्ण विवरण गोप्य राखिने छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम"लैङ्गिक हिंसा सम्बोधन तथा आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिकाको सिफारिस प्रणाली सम्बन्धि निर्देशिका २०७८" रहेको छ ।

**२. परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिका,-

(क) "लैङ्गिक हिंसा प्रभावित व्यक्ति"भन्नाले यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसाबाट प्रभावित तथा पिडित व्यक्ति सम्झनु पर्दछ ।

(ख) "सिफारिस प्रणाली"भन्नाले लैङ्गिक हिंसाबाट पिडित तथा प्रभावित व्यक्तिहरुलाई समयमै, उचित र प्रभावकारी सेवाप्रवाह गर्न एउटा सेवा प्रदायकबाट अन्य सम्बन्धित सेवा प्रदायकमा पठाउने व्यवस्थित संयन्त्र सम्झनु पर्दछ ।

(ग) "घटना व्यवस्थापक"भन्नाले घटनालाई दर्ता गर्न देखी घटनाको समापन नहुञ्जेल सम्म सम्पर्क व्यक्तिको रुपमा काम गर्ने आधिकारिक व्यक्ति सम्झनु पर्दछ ।

(घ) "प्राथमिक सेवाप्रदायक"भन्नाले घटनाको आवश्यकता हेरेर उपलब्ध सेवा तथा सहयोग प्रदान गर्ने निकाय सम्झनु पर्दछ ।

(ङ) "निर्णयकर्ता वा आधिकारिक व्यक्ति"भन्नाले घटनालाई दर्ता गर्ने वा नगर्ने साथै घटनालाई औपचारिक रुपमा समापन गर्ने आधिकारिक व्यक्तिलाई निर्णयकर्ता वा आधिकारिक व्यक्ति सम्झनु पर्दछ ।

(च) "बालबालिका"भन्नाले १८ बर्ष मुनिका व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका"भन्नाले जोखिमपूर्ण श्रममा संलग्न रहेका,यौनशोषण, यौन दुब्यवहार, बेचविखन वा ओसार पसारमा परेका, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, अपाङ्गता भएका, दुर्घटनामा परेका वा प्राकृतिक प्रकोपमा परेका,हिंसाबाट प्रभावित एवं पिडित भएका, हराएको वा बेवारिसे अवस्थामा फेला परेका, ऋणको कारणले बन्धकमा रहेका वा जबर्जस्ति श्रममा लगाई पीडित भएका, बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसूरको कारणले बेवारिसे भएका, बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका, सुस्त मनस्थिति भएका, अपहरण वा शरीर बन्धकमा परेका,सडक बालबालिका, एच.आई.भि.संक्रमित तथा प्रभावित भएका,बालअधिकार समितिले आपतकालिन अवस्थामा रहेका भनी ठम्यााएका अन्य बालबालिकालाई सम्झनु पर्दछ ।

**३. निर्देशिकाको उद्देश्य**

- लैङ्गिक हिंसाका सवालहरुको सम्वोधनकालागि सकृय रुपमाकार्य गर्ने,
- गेरुवा गाँउपालिकामा कार्यरत सेवा प्रदायक निकायहरुलाई परिचालन गरी एकिकृत रुपमा हिंसा प्रभावितलाई छिटो छरितोका साथै प्रभावकारी सेवाप्रवाह गर्ने,
- हिंसा पिडित तथा प्रभावितहरुलाई तत्कालिन र दिर्घकालिन आवश्यकताहरुमा सहयोग पुऱ्याउन,
- हिंसा पिडित तथा प्रभावितहरुलाई छिटो छरितो र सहज रुपमा सहयोग पुऱ्याउन सम्बद्ध निकायहरु बीच समन्वय स्थापना गर्ने,
- बिशेष गरी महिला, बालिका तथा अन्य लैङ्गिक हिशा पिडित तथा प्रभावितहरुको अधिकारको संरक्षणका लागि रणनीतिक रुपमा उच्च प्राथमिकताका साथक्रियाशिल रहने ।

- जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार गर्ने, राहत तथा आधारभुत आवश्यकता उपलब्ध गराउने, पारिवारिक पुनर्स्थापना गर्ने,आवश्यक मनोसामाजिक परामर्श तथा स्वास्थ्य उपचार सहयोग गर्ने, विभिन्न कारणले शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुलाई आवश्यक शैक्षिक सहयोग उपलब्ध गराउने अधिकार संरक्षण र सम्बर्द्धनको सुनिश्चितता गर्ने,

## ४. प्रमुख सवाल

यस गेरुवा गाँउपालिकामा लैंङ्गिक हिंसा र आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका सँग सम्वन्धित निम्न सवालहरु पहिचान गरिएका छन

| क्र. सं | सवालहरु | स्वरुपहरु |
|---|---|---|
| १ | घरेलु हिंसा | **शारीरिक यातनाः** कुटपिट गर्ने, गैर कानूनी थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने, तेजाव वा यस्तै प्रकारका अन्य पदार्थ छर्किइ वा सो पदार्थले पोली, डामी, दली, घसी जीउमा पीडा पुऱ्याउने वा अनुहार वा शरीरको कुनै अंग कुरुप पारिदिने वा यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य ।<br><br>**मानसिक यातना** : शारीरिक यातनाको डर धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्टा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक, धार्मिक, साँस्कृतिक, प्रथा, परम्पराका आधारमा भेदभाव गर्ने, रुप, रंग, शारीरिक बनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने, मानसिक तनाव दिने, आत्महत्या गर्न दुरुत्साहन गर्ने वा आत्महत्या गर्ने परिस्थिति खडा गर्ने<br><br>**यौनजन्य यातनाः** यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य<br>**आर्थिक यातना** : आर्थिक यातना भित्र सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न, रोजगारी गर्न बञ्चित, आर्थिक स्रोत माथि नियन्त्रण तथा श्रोत र साधनको पहुँच वा प्रयोग गर्नमा बञ्चित गर्ने कार्य |
| २ | यौनदुर्व्यवहार/जबरजस्ती करणी | **यौन दुर्व्यवहारः** मञ्जुरी बिना करणीका आशयले समातेमा वा निजको संवेदनशील अङ्ग छोएमा वा छुन प्रयास गरेमा, निजको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजले लगाउने भित्री पोशाक लगाउन वा फुकाल्न कुनै किसिमले बाधाअवरोध गरेमा वा निजलाई अस्वाभाविक रुपमा कुनै एकान्त ठाउँमा लगेमा, यौन सम्बन्धी आफ्नो अङ्ग निजलाई छुन, समाउन लगाएमा, निज सँग अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द मौखिक, लिखित वा साङ्केतिक रुपमा वा विद्युतीय माध्यमबाट प्रयोग गरेमा, अश्लीलचित्र वा तस्वीर देखाएमा, यौनका आशयले जिस्क्याएमा वा हैरानी दिएमा वा निजसँग अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गर्ने ।<br>**जबरजस्ती करणी :** जवरजस्ती यौन सम्पर्क गर्ने, यौन जन्यदुर्व्यवहार, यौन यातना, यौन शोषण, वैवाहिक वलात्कार |
| ३ | बालविवाह | बीस बर्ष नपुग्दै वा कानुनले तोकेको उमेर भन्दा पहिला विवाह गर्ने गराउने कार्य । |
| ४ | दाईजो प्रथा | कानुन विपरित विवाहमा नगद तथा जिन्सी सामान दिने लिने कार्य |
| ५ | घुम्टो/बुर्काप्रथा | महिलाले अरुलाई आफ्नो अनुहार तथा कपाल नदेखाउने प्रचलन |
| ६ | बोक्सीको आरोप | कानुन विपरित बोक्सो वा बोक्सीको आरोप लगाउने तथा आरोपित व्यक्तिलाई क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गर्ने बोक्सीको आरोपमा घरबाट निकाला गर्ने, मलमुत्र खवुाउने , चारपाटा मोड्ने |

| | | |
|---|---|---|
| ७ | बेचविखन तथा ओसारपसार | कुनै पनि उद्देश्यले मानिस किन्ने वा बेच्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम मानिसको अंग झिक्ने र बेश्यागमन गर्ने कार्य र मनिसलाई विदेशमा लैजाने वा यौन व्यवसायमा लगाउने शोषण गर्ने उद्देश्यले शारीरिक, मानसिक रुपमा दबाव वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा मञ्जुरी बिना नेपालभित्र वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य मानव बेचविखन तथा ओसारपसार हो । |
| ८ | साईवर अपराध | विद्युतीय माध्यमद्धारा मानिसलाई अश्लिल शब्द प्रयोग, चित्र प्रदर्शन, धम्की, गालीगलौच, हैरानी दिने, सामाजिक सञ्जालमा चरित्र हत्या सम्बन्धि सामाग्री प्रशारण आदि गर्ने कार्य । |

## ५. सिफारिस प्रणाली अन्तरगत उपलब्ध गराईने सेवाका क्षेत्रहरु र जिम्मेवार निकायहरु

यस गाँउपालिका अर्न्तगत हिंसा पिडित तथा प्रभावितहरुको संरक्षण तथा स्याहारका लागि यस सिफारिस प्रणाली अन्तरगत निम्न बमोजिमका क्षेत्रहरुमा आवश्यक सेवाहरु उपलब्ध गराईनेछ साथैउक्त सेवाको लागि सम्भावित सेवाप्रदायकहरु निम्नानुसार रहनेछन ।

५.१ सिफारिस प्रणाली अर्न्तगतउपलब्ध गराउने प्रमुख सेवाहरु निम्नानुसार हुनेछः

क) मनोसामाजिक सेवा वा सहायता
ख) सुरक्षा/ संरक्षण/आवास/ लत्ताकपडा सेवा
ग) चिकित्सा सेवा वा सहायता
घ) कानुनी सेवा वा सहायता
ङ) सीपमूलक तालिम तथा व्यवसाय सञ्चालन सहयोग
च) शिक्षामा सहयोग
छ) दुर्व्यशनीपुनःर्स्थापना सहयोग
ज) उद्दार तथा पुःर्स्थापना एवं पुनःर्एकिकरण सेवा
झ) जीविकोपार्जनका लागि तत्काल आवस्यक सेवा

५.२ सिफारिस प्रणालीका सहयोग क्षेत्र का मुख्य जिम्मेवारीहरु :

### ५.२.१ मनोसामाजिक सेवा वा सहायता :

- जानकारी प्रदानगर्ने
- मनोविमर्श प्रदान गर्ने
- भावनात्मक सहायता
- प्रभावित व्यक्तिहरुको नजिकको सम्पर्कमा रहने र उनीहरुलाई सक्दो सहायता, सहानुभूति र गोप्य सेवाहरु प्रदान गर्ने

### ५.२.२ सुरक्षा/संरक्षण/सुरक्षित आवास तथा लत्ताकपडा सेवा

- पिडित तथा प्रभावित व्यक्तिहरु र साक्षीहरुको सुरक्षा र संरक्षण
- अनुरोध गरिएको खण्डमा घटनाको अनुसन्धान
- सुरक्षाको सुनिश्चितताकालागि आशंका गरिएको दोषीलाई गिरफ्तार गर्ने

- यदि पिडित तथा प्रभावित व्यक्तिले कानुनी रुपमा प्रक्रिया अगाडी बढाउन चाहेमा आवश्यक प्रकृया शुरु गर्ने
- पिडित तथा प्रभावितलाई आवश्यकता छ भने सुरक्षित आवास गृहको सेवा उपलब्ध गराउने
- यदि आवश्यक परे बैकल्पिक सुरक्षित आवास गृह उपलब्ध गराउने
- पिडित तथा प्रभावितहरुको सुरक्षा योजना निमार्ण गर्ने

**५.२.३ चिकित्सा सेवा वा सहायता**

- प्रभावितको शारिरीक तथा मानसिक चेकजाँच तथा मेडिकल रिपोर्ट तयार गरी सुरक्षित राख्ने
- यौन रोगहरु जस्तै यौन प्रसारित रोग(एस.टी.आई) एच.आई.भी एड्सको चेकजाँच तथा रोकथाम गर्न
- अनिच्छित गर्भ पतन गर्ने,
- घाउचोटहरुको उपचार गर्ने,
- मानसिक आघातमा परेका व्यक्तिहरुलाई प्रभावकारी उपचार तथा मनोविमर्श सेवा दिने,
- उपयुक्त सेवा सुविधा पाईने ठाउँमा प्रेषण गर्ने,
- पिडित व्यक्तिले वा अदालतले चाहेको खण्डमा चिकित्सासंग सम्बन्धित निष्कर्ष बारे अदालतमा स्पष्टसंग भन्ने
- पिडित तथा प्रभावित व्यक्तिको निरन्तर हेरविचार गर्ने

**५.२.४ कानुनी सेवा वा सहायता :**

- पिडित तथा प्रभावित व्यक्तिलाई मुद्दा अगाडी बढाउनुको फाइदा तथा अवरोधहरुको बारेमा राम्रोसंग बुझाउने
- प्रभावितलाई न्यायिक प्रकृयामा लाग्ने समय, खर्च, प्राप्त गर्ने न्याय, हुन सक्ने हार जस्ता विषयमा प्रस्टसंग बुझाउने
- पिडित तथा प्रभावित व्यक्ति र साक्षी दुबैलाई कानुनी सल्लाह र सहायता दिने
- आवश्यकता अनुसार निशुल्क कानुनी सहायता उपलब्ध गराउने

**५.२.५ सीपमुलक तालिम तथा व्यवसाय सञ्चालन सहयोग**

- पिडित तथा प्रभावितको आवश्यकताको आधारमा सीपमुलक तालिमप्रदान गर्ने निकाय खोजी गर्ने
- जोखिमहरु कम गर्न तथा पिडित तथा प्रभावितको आत्मनिर्भरताकालागि सीप, तालिम तथा आयआर्जनका क्रियाकलापहरु गर्न सहयोगको खोजी गर्ने

**५.२.६ शिक्षामा सहयोग**

- प्रभावित स्वयंलाई शैक्षिक सहयोगको लागि समन्यव गर्ने
- प्रभावितका प्रत्यक्ष आश्रयमा बसेका बालबालिकाहरुलाई शैक्षिक सहयोगको लागि पहल गर्ने

**५.२.७ दुर्व्यशनी पुनःस्र्थापना सहयोग**

- लैङ्गिक हिंसाका कारण दुर्व्यशनीमा लागेका तथा दुर्व्यशनीमा लागेका बालबालिकाहरुकालागि पुनर्स्थापना गर्नलाई आवश्यक पहल गर्ने

### ५.२.८ उद्वार तथा पुःर्स्थापना एवं पुनःएकिकरण सेवा

- लैङ्गिक हिंसा प्रभावित र आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरुको उद्वार गर्न समन्वय गर्ने
- पारिवारिक, सामाजिक तथा सामुदायिक पुर्नमिलन/पुर्नस्थापना एवं पुनर्एकिकरण गर्न आवश्यक सहयोग गर्ने

### ६. लक्षित समुह

- सबै किसिमका लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरु
- बिशेष गरी लैङ्गिक हिंसाको जोखिमयुक्त परिस्थितिमा रहेका बेवारिसे एवं शारीरिक तथा मानसिक रुपले अशक्त महिला तथा बालबालिका
- लैङ्गिक हिंसाबाट पिडित तथा प्रभावित भई मानसिक स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएका कारणले घर वा सार्वजनिक स्थानमा अलपत्र तथा बेवारिसे अवस्थामा गेरुवा गाउँपालिका क्षेत्र भित्र फेला परेका व्यक्तिहरु
- आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिकाहरु

### ७. गाँउपालिका तहमा विद्यमान संयन्त्र तथा संघ संस्थाहरु र तिनीहरुको सेवाको नक्शांकन

यस गाउँपालिका अन्तरगत लैङ्गिक हिंसा पिडित तथा प्रभावित र आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिकालाई मनोसामाजिक सेवा वा सहायता सुरक्षा/ संरक्षण, चिकित्सा सेवावा सहायता, कानुनी सेवावा सहायता, सीपमूलक तालिम तथा आयआर्जन सहयोग, शिक्षामा सहयोग, दुर्व्यशनी पुनर्स्थापना र पारिवारिक तथा सामाजिक पुनर्मिलन सहयोग प्रदान गर्न अनुसुची १ मा सहयोगी निकायहरुको नक्शांकन उल्लेख गरिएको छ । र यो नक्शांकन बार्षिक रुपमा अद्यावधिक गरिनेछ ।

### ८. सेवाप्रदायकको भुमिका

लैङ्गिक हिंसा प्रभावित, आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिका र उनीहरुका परिवारको घटना व्यवस्थापन कार्यका शिलसिलामा स्याहार योजनाको खाका तयार गरी घटना व्यवस्थापकलाई उपलब्ध गराई प्रभावितलाई आवश्यक सेवा जुटाउन सहजीकरण गर्नुका साथै उपलब्ध सेवाप्रदान गर्न, पिडित तथा प्रभावितलाई तत्काल संरक्षण दिन र परिवार तथा समाजमा पुनर्स्थापना गर्ने गराउने कार्यको लागि प्राथमिक सेवाप्रदायक छनौट गरि सम्झौता गरिनेछ । उक्त प्राथमिक सेवा प्रदायकहरु आवश्यकता अनुसार थपघट गरिनेछ । यस गाउँपालिका अर्न्तगत छनौट गरिएका प्राथमिक सेवा प्रदायकहरु अनुसुची २ मा उल्लेख गरिएकोछन ।

### ९. गाँउपालिका स्तरको लैङ्गिक हिंसा सम्वोधन संयन्त्र

९.१ लैङ्गिक हिंसा पिडित र आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिकाको सम्बोधनको लागि गाउँपालिका स्तरमा देहाय बमोजिमको संयन्त्र बनाईनेछ ।

क) **घटना व्यवस्थापक** : गाउँपालिकाको महिला तथा बालबालिका शाखाको तोकिएको व्यक्ति घटना व्यवस्थापकको रुपमा छनौट गरिनेछ

ख) **प्राथमिक सेवाप्रदायकः** गाउँपालिका स्तरमा कार्यरत सम्बन्धित सहयोगी निकायहरुलाई गाँउपालिकाले प्राथमिक सेवाप्रदायकको रुपमा छनौट गर्नेछ ।

ग) **आधिकारिक व्यक्ति वा निर्णयकर्ताः** न्यायिक समिति संयोजकलाई आधिकारिक व्यक्ति तथा निर्णयकर्ताको जिम्मेवारी रहनेछ ।

घ) **संयन्त्र** सदस्यः घटना व्यवस्थापन प्रकृयामा सहभागिहुन पालिकामा सुचिकृत संस्थाले तोकेको व्यक्ति सदस्य रहने छन ।

## ९.२ लैङ्गिक हिंसा तथा आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिकाको सम्बोधन संयन्त्रको काम, कर्तव्य र अधिकार

**क)घटनाको पहिचान तथा दर्ता:** घटना व्यवस्थापकले केश दर्ता गर्नेछ र फाईल खडा गरी प्रमाणिकरणको लागि निर्णयकर्तालाई पठाउनेछ। यो प्रक्रिया पिडित तथा प्रभावितको सुसुचित सहमतिमा हुनेछ र प्रत्येक चरणमा पिडितको सुरक्षा र गोपनियतालाई ध्यान दिईनेछ।

**ख) प्रभावित र परिवारको लेखाजोखा :** यो कार्यको लागि छनौट गरिएका प्राथमिक सेवाप्रदायकलाई तोकिनेछ। प्राथमिक सेवाप्रदायक तालिम प्राप्तहुनु पर्नेछ। उक्त प्राथमिक सेवा प्रदायकले पिडित र परिवारको लेखाजोखा सहित स्याहार योजनाको खाका तयार पारी घटना व्यवस्थापकलाई बुझाउनेछ र घटना व्यवस्थापकले निर्णयकर्तालाई बुझाउनेछ।

**ग) स्याहार योजना निर्माण:** लेखाजोखा र स्याहार योजनाको खाकाको आधारमा निर्णयकर्ताले ऋबकभ ऋयलाभचभलअभबोलाउनेछ । उक्त केशकन्फ्रेन्समा ३ जना सहित, परिवारका मान्छे र सम्बन्धित सेवा प्रदायकलाई बोलाईनेछ र स्याहार योजनालाई अन्तिम रुप दिईनेछ। उक्त कार्य गोप्य हुनेछ।

**घ) स्याहार योजनाको कार्यान्वयन :** स्याहार योजनाको कार्यान्वयन प्राथमिक सेवा प्रदायकले गर्नेछ। स्याहार योजना शुरुवातमा धेरै काम गर्नु पर्ने हुनेछ भने बिस्तारै कमहुदै जानेछ।

**ङ) स्याहार योजनाको प्रभाव जाँच तथा समिक्षा:** स्याहार योजनाको प्रभाव जाँच तथा समिक्षा घटना व्यवस्थापकले गर्नेछ । यदि स्याहार योजनाले प्रभावकारी रुपमा काम गरेन भने फेरी केश कन्फ्रेन्स बोलाएर योजनालाई परिमार्जन गरिनेछ ।

च) समापनः घटना व्यवस्थापकको प्रतिवेदनको आधारमा केशको समापन गर्नेछ।

## ९.३ सिफारिस प्रणाली

हिंसा पिडित तथा प्रभावित तथा आपतकालिन अवस्था एवं जोखिम अवस्थामा रहेका बालबालिकालाई तत्काल सहयोग पुऱ्याउन आवश्यकता अनुसार गाउँपालिका स्तरमा निम्न बमोजिमको व्यवस्थित सिफारिस प्रणाली स्थापित गरिनेछ।

| मनोसामाजिक सेवा वा सहायता | सुरक्षा/ संरक्षण सहायता | चिकित्सा सेवा वा सहायता | कानुनी सेवा वा सहायता | सीपमुलक तालिम वा आयआर्जन सहयोग | शिक्षामा सहयोय | दुर्व्यशनी पुनःस्थापना | पारिवारिक तथा सामाजिक पुनःर्मिलन, पुनःएकिकरण |
|---|---|---|---|---|---|---|---|
| मनोबिमर्श सेवा | सुरक्षा तथा संरक्षण प्रदान | औषधोपचार | कानुनी परामर्श सेवा | जीविकोपार्जन सहयोग | शैक्षिक सहयोग | पुनःस्थापना सेवा | पुनःर्मिलन, पुनःएकिकरण |
| मनोबिमर्शकर्ता | प्रहरी तथा संरक्षण गृह | स्वास्थ्यकर्मी | | सहयोगी निकाय | शैक्षिक संस्था | पुनःस्थापना केन्द्र | सहयोगी निकाय |
| मनोसामाजिक स्याहार केन्द्र, संघ संस्था, अस्पताल | महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, प्रहरी र संरक्षण गृह | अस्पताल, एकद्धार संकट व्यवस्थापन केन्द्र | नेपाल बार एशोसियशन, जिल्ला कानुनी सहायता समिति, बैतनिक वकिल, सरकारी वकिल कार्यालय | पालिका र अन्य सहयोगी संघ संस्थाहरु | बिद्यालय, पालिका, अन्य सहयोगी संस्थाहरु | पुनःस्थापना केन्द्र, पालिका, अन्य सहयोगी निकाय | पालिका र सहयोगी संघ संस्थाहरु |
| निरन्तर मनोसामाजिक सेवा सम्बन्धि कार्य | समुदाय तथा परिवारमा पुनःस्थापना | थप औषधोपचार र औषधोपचार सम्बन्धि सेवा | कानुनी सहायता सम्बन्धि निकाय सम्म पहुँच | व्यवसायको लागि प्राविधिक सहयोग र बजारीकरण | थप शैक्षिक सहयोग | पारिवारिक तथा सामाजिक पुनःस्थापना | पारिवारिक तथा सामाजिक पुनःस्थापना, पनःएकिकरण |

## ९.४ सम्पर्क व्यक्ति -(focal person) तोकि दिने

संयन्त्रको सम्पर्क व्यक्ति गाउँपालिका अन्तरगतको महिला तथा बालबालिकाशाखाको तोकिएको व्यक्ति हुनेछ । साथै प्राथमिक सेवा प्रदायकहरुले समेत सम्पर्क व्यक्ति तोकि गाउँपालिकाको सम्बन्धित शाखालाई जानकारी गराउनु पर्नेछ ।

## १०.बजेट व्यबस्थापन

सिफारिस संयन्त्रको लागि आवश्यक पर्ने श्रोत साधनको व्यवस्था पालिकाले आफै र सम्बन्धित निकायहरु मार्फत गराउनेछ ।

## ११ अनुसूचि फारमहरु

## अनुसुची १: सेवा प्रदायक निकायहरुको नक्शांकन

| क्र.सं | कार्यालय, संस्था वा संयन्त्रको नाम | ठेगाना | कार्यक्रम (प्रदान गरिने सेवा) | कार्यक्रमको समयावधि | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर | इमेल |
|---|---|---|---|---|---|---|---|
| १. | महिला तथा वालवालिका शाखा | गेरुवा गा.पा. | महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिक | निरन्तर | रमा पुनमगर | ९८५८०८८८१८ | mahilabikash.grm@gmail.com |
| २. | न्यायिक समिति | गेरुवा गा.पा. | महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिक | निरन्तर | प्रशुराम चौधरी | | |
| ३. | इलाका प्रहरी कार्यालय | गेरुवा गा.पा. | उद्धार, पुर्नस्थापना, सचेतना | निरन्तर | | | |
| ४. | प्राथमिक स्वास्थ केन्द्रहरु | गेरुवा गा.पा. | स्वास्थ सम्वन्धी सेवा | निरन्तर | | | |
| ५. | बाल अधिकार समिति | गेरुवा गा.पा | बालअधिकार प्रवर्धन तथा बाल संरक्षण | निरन्तर | | | |
| ६. | लैङ्गिक हिशा निवारण कोष समिति | गेरुवा गा.पा | लैङ्गिक हिशा निवारणमा सहयोग | निरन्तर | | | |
| ७. | कृषि तथा पशु सेवा शाखा | गेरुवा गा.पा. | तालिम, आयआर्जन | निरन्तर | | | |
| १०. | केएमजेएस | गुलरिया | सचेतना, उद्धार, कानुनी सहायता | २०२२ डिसेम्वर | जीतराम चौधरी | ९८४८०५६६७७ | kmjsnepal@gmail.com |
| ११ | भेरी वातावरणीय विशिष्ठता समुह (बि.ग्रुप) | गुलरिया | वालविवाह बिरुद्ध | २०२२ डिसेम्वर | डम्वर सुनार | ९८५८०६७०१५ | beegroupnepal@gmail.com |
| १२ | सोनाह विकास समाज | गेरुवा गा.पा. | शिक्षा, बाल संरक्षण | २०२२ डिसेम्वर | रत्न केसी | ९८५७८२४४०३ | |
| १३ | जे.जे.एम.एस. | गेरुवा गा.पा. | पोषण, सरसफाई र खानेपानी | २०२२ जुलाई | प्रकाश शर्मा | ९८०२५३५९१८ | prayagamit27822@gmail.com |
| १४ | पहिलो प्रेम नेपाल | गेरुवा गा.पा. | | | | | |
| १५ | बाके युनेस्को क्लव | राजापुर | वालअधिकार | २०२२ जुलाई | संजिता रिजाल | ९८४८०८७४५० | |
| १६ | गेरुवा महिला संञ्जाल | गेरुवा गा.पा. | महिला हित सम्वन्धी | २०२२ जुलाई | श्यामपती चौधरी | ९८४२९५५९३८ | |
| | जोगिनी जनसेवा क्लव | गेरुवा गा.पा. | | | | | |
| | सि.एस.डि.आर | राजापुर | जोखिम तथा विपत व्यवस्थापन | २०२२ जुन | बसन्ती चौधरी | ९८४८०१६०१६ | |
| | आमा समुह | गेरुवा | महिला बालवालिका गर्भवती महिला | २०२४ डिसेम्वर | विमला लामिछाने | ९८६८१०७४०८ | |
| | सकृय युवा समाज | गेरुवा गा.पा. | | | | | |
| | माईती नेपाल | गुलरिया | मानव बेचविखन तथा ओसार पसार, परामर्ष, संरक्षण खोजतलास | | | | |

(नोट गाँउपालिकाले सुचना प्रकासन गरि लैङ्गिक हिशा तथा बाल संरक्षणमा सवालमा सेवा दिन सक्ने र थप सेवा प्रदायक संस्था नक्साङ्कन गर्न पर्ने छ ।)

## अनुसुची २ प्राथमिक सेवाप्रदायक निकायहरुको विवरण

| क्रसं | कार्यालय, संस्था वा संयन्त्रको नाम | ठेगाना | सेवा क्षेत्र | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर | इमेल |
|---|---|---|---|---|---|---|
| १. | तत्काल सेवा दिन सक्ने संस्था सुचिकृत गरी राख्न पर्ने | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |
| १०. | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| १६ | | | | | | |

(नोट गाँउपालिकाले सुचना प्रकासन गरि थप सेवा प्रदायक संस्था नक्साङ्कन गर्न पर्ने छ ।)

**अनुसुची ३ सिफारिस फारम**
**सेवा/सहयोग सिफारिस फाराम**

सिफारिस मिति :- ................................ घटना दर्ता नम्बर : ........................................

१.सिफारिस गरिएको संस्था/निकाय :

संस्था/निकायको नाम :..........................................................................................

ठेगाना : .......................................................................................................

यस फाराममा उल्लेखित विवरण बमोजिमको प्रभावित/पिडितलाई आवश्यक सहयोग र सेवा उपलब्ध गराउनकालागि त्यस संस्था/निकायमा सिफारिस गरिएको छ।

प्रभावित र उसको पारिवारिक लेखाजोखा, स्याहार योजना, सेवाको लागि सिफारिस र घटना

नामः ...........................................................लिङ्ग : ...... उमेर............................

उल्लिखित प्रभावित प्रतिको सहयोग र सेवा समापन नभएसम्म निरन्तर अनुगमन गरी प्रतिवेदन पठाउन हुन अनुरोध गरिन्छ।

२. प्रभावितको विवरण :

स्थायी ठेगाना :.......................... गापा/नपा ... वडा ...........टोल : ..................... जिल्ला.............

हालको ठेगानाः.......................... गापा/नपा ... वडा ..........टोल : ...................... जिल्ला..............

प्रभावितका लागि परिवारको सम्पर्क व्यक्तिः

परिवारको सम्पर्क व्यक्तिको सम्पर्क फोन नम्बर :..............................................................................

ठेगाना : ..........................

३. घटनाको संक्षिप्त विवरण :

..........................................................................................................

.......................................................................................................

प्रभावितको हालको शारीरिक, मानसिक, स्वास्थ्य तथा संरक्षणको अवस्था/स्थिति

..........................................................................................................

सिफारिस गरिएको सेवा, सहयोग तथा कारबाही (तालिका हेरेर भर्ने) :

आपत्कालिन सहयोग र तत्काल कार्य आवश्यक : छ छैन

..........................................................................................................

संलग्न कागजातहरु : ..................................................................................

४. सिफारिस गर्ने :

नाम : ........................................... पद/आबद्धता.................................................. हस्ताक्षर :............................
मिति : ................

५. सिफारिस बुझिलिनेकोः

नाम : ......................................................................नाता/पदः...............................

हस्ताक्षर : ..................................................................मिति :............................

# अनुसुची ४

## पिडित वा पिडितको पक्षबाट निवेदन फारम

मितिः

श्री प्रमुख ज्यू

...........................

गेरुवा , बार्दिया

**बिषयः आवश्यक सहयोग गरिदिने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा ......................................जिल्ला................................... गाउँपालिका निवासी.............................. को छोरा/छोरी बर्ष ...... को म/मेरो ................श्री.............................., ........................................................................................................................................ ........................................................................................................................(संक्षिप्त घटना विवरण र लैङ्गिक हिंसाको प्रकृति लेख्ने) तपशील अनुसारको सहयोगको आवश्यकता भएकोले सहयोग गरीदिनहुन अनुरोध गर्दछु ।

१) मनोसामाजिक सहयोग, २) सुरक्षा वा संरक्षण सेवा, ३) स्वास्थ्य उपचार, ४) कानुनी सहायता, ५) सीपमुलक तालिम वा आयआर्जन सहयोग, ६) दुर्व्यशनी पुनःस्र्थापना केन्द्र र ८) पारिवारीक वा सामुदायिक पुनःर्निलन, पुनःएर्किकरण

**संलग्न कागजातहरु**

निवेदक

नामः
ठेगानाः
दस्तखत
मिति

**अनुसुची ५ दर्ता रजिष्टरको नमुना खाका**

| क स | सिफारिस गरिएको व्यक्तिको नाम | कोड नं. | लिङ्ग | जातजाति | जिल्ला | नगर/गाउँपालिका | वार्ड नं. | टोलको नाम | सिफारिस गरि पठाएको निकाय | केशको प्रकार | केशको हालको अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आज्ञाले,
विष्णु प्रसाद गुरुङ
प्रमुख प्रशासकीय अधिकृत